# बारेकोट गाउँपालिकाको कृषि व्यवसाय प्रवर्धन निति २०७९

बारेकोट गाउँपालिका जाजरकोट
कर्णाली पर्देश
नेपाल

# बारेकोट गाउँपालिका

# बारेकोट गाउँपालिकाको कृषि व्यवसाय प्रवर्धन निति २०७९

**प्रस्तावनाः**

बारेकोट गाउँपालिकाक्षेत्रभित्रका ९५ प्रतिशत कृषकहरुको जिवन निर्वाहको लागि हाल भईरहेको कृषि क्षेत्रको सुस्त विकास प्रकृयालाई दृष्टिगत संगै नेपालको संविधान २०७२ को मर्म तथा भावनालाई कदर गर्दै कृषि विकासको गती द्रुततर बनाउन अपरिहार्य बनेको छ जसको लागि स्थानिय बस्तु स्थिति हावापानी तथा समाज सुहाउँदो एवं समय सापेक्ष कृषि विकास निति तर्जुमा हुन नितान्त आवश्यक हुन गएको र बदलिदो परिवेश अनुरुप कृषि क्षेत्रलाई पनि रुपान्तरण तथा विकास प्रकृयामा सामेल गराउन जरुरी छ । बारेकोट गाउँपालिकामा बसोबास गर्ने कृषकहरु परम्परागत खेती प्रविधिमै केन्द्रित रहेको र यस क्षेत्रको आर्थिक वृद्धिको मुल आधार पनि कृषि नै रहेकाले पनि समग्र कृषि क्षेत्रको रुपान्तरण जरुरी छ। कृषि क्षेत्रको द्रुत दिगो एवं किफायती विकास विना अन्य कुनै क्षेत्रको विकास सम्भव नदेखिएको परिप्रेक्षमा यस क्षेत्रको आधारभुत एवं व्यवसायिक विकासका लागि समय सापेक्ष निति निर्धारण गरी कार्यन्वयनमा लैजानु महत्वपुर्ण भुमिका बन्न जान्छ सोहि वमोजिम बारेकोट गाउँपालिका क्षेत्रका कृषिमा भएका सम्भावनाहरु केलाउँदै बास्तविकतालाई केन्द्रमा राखि भावि गुरु योजना तथा रणनिति एवं कार्यनितिका रुपमा बारेकोट गाउँपालिकाको कृषि निति २०७९ तयार पारिएको हो।

**ध्येय।सोचः**

बारेकोट गाउँपालिकाको भौगोलिक भुबनोट वातावरण तथा श्रोत साधनलाई मध्य नजर गर्दै कृषकको चाहनामा आधारित आधुनिक उन्नत प्रविधिको अनुसरण मार्फत समग्र कृषि क्षेत्रलाई मर्यादित एवं व्यवसायिक र औद्योगिकरणको रुपमा स्थापित गराउने

**लक्ष्यः**

नेपालको नयाँ संविधान २०७२ को मुल मर्म लाई आत्मसाथ गरी संविधानको कार्यान्वन संगै राज्यको पुनसंरचना वमोजिम कृषि क्षेत्रको सवलिकरण मार्फत वारेकोट गाउँपालिका वासि सबै जना कृषकको आर्थिक अबस्थामा टेवा पुर्याउने ।

**उद्धेश्यहरुः**

१ कृषि क्षेत्रमा लागेका कृषकहरुलाई ब्यवसायिकरण तथा आधुनिकिकरण तर्फ उन्मुख गराई युवा शक्तिलाई विदेश पलायन हुनबाट रोक्ने र कृषि क्षेत्रमा लाग्न अभिप्रेरित गरी समग्र कृषि क्षेत्रको विकास मार्फत  आर्थिक सम्वृद्धि ल्याउने।

२ विविधिकरण मार्फत कृषि उत्पादन एवं उत्पादक्त्वमा वृद्धि ल्याउने ।

३ कृषि क्षेत्रलाई समयसापेक्ष आधुनिकिकरण तथा औद्योगिकरणमा लैजान प्रयत्न गर्ने।

**रणनितीः**

१ समग्र कृषि क्षेत्रलाई सम्मान जनक र मर्यादित आकर्षक पेशाको रुपमा विकास गरी प्रतिस्पर्धी बनाउन आवश्यक पहल कदमि लिनुका साथै सहयोगि कार्यक्रमहरुमा जोड दिने।

२ उच्च मुल्य वस्तु तथा सम्भावना बोकेका कृषि बस्तुहरुको पहिचान गरि तुलनात्मक लाभ लागतका आधारमा क्षेत्र विस्तार एवं व्यवसायिकरण मार्फत आत्मनिर्भर्ता तर्फ उन्मुख गराउने।

३ स्थानीय वातावारण हावापानी लगायत जलवायु परिवर्तन र प्राकृतिक प्रकोप संग घुलमिल हुन सक्ने तथा त्यस बाट पर्न सक्ने सम्भाव्य असर न्युनिकरण गर्न सक्ने प्रविधि एवं क्षमताको विकास गर्ने।

**चुनौतीहरुः**

कृषि क्षेत्रका हाल कायम रहि आएका तपशिल बमोजिजमका चुनौतीहरुलाई सामान गर्दै अगाडि बढ्न जरुरी छ।

१ बारेकोट गाउँपालिका भित्र आयात भएका कृषि जन्य वस्तुहरुसंग स्थानिय उत्पादनले प्रतिस्पर्धा गर्न नसक्नु।

२ प्राकृतिक प्रकोप विशेष गरी वाढि सुख्खा खडेरी जोखिम क्रममा रहनु ।

३ परम्परागत कृषि प्रणालीलाई परित्याग गर्न नसक्नु र आधुनिक प्रविधिको अनुसरण गर्न नसक्नु ।

४ भु व्यवस्थापन तथा चक्लावन्धि खेती योग्य जमिन अंशबन्डाका कारणले टुक्रे खेती प्रणाली रहनु।

५ सिंचाईको सुविधा पुग्न नसक्नु अधिकांश क्षेत्रमा आकासे पानीको भरमा खेती गर्नु।

६ उत्पादित बस्तु सहज रुपमा बजारको पहुँचमा पुग्न नसक्नु।

**अवसरहरुः**

१ हालको उत्पादित कृषि वस्तुहरुलाई बढवा दिई कृषि उद्योगहरुको लागि कच्चा पदार्थको रुपमा खपत एवं निर्यात गर्न सकिने प्रस्त सम्चावना रहेको ।

२ प्राङ्गारिक मलको उपयोगलाई बढवा दिई प्राङ्गारिक खेती उत्पादन गर्न सकिने।

३ कृषि क्षेत्रको गुरु योजना बनाई विभिन्न सम्भावना वोकेका कृषि कस्तुहरुको पहिचान गरी पकेट व्लकको अबधारणामा रोजगारीको अबसर श्रृजना गरी आर्थिक विकासमा परिवर्तन गर्न ल्याउने।

४ किविलाई प्राङ्गारिक उत्पादन तथा प्रमाणिकरण गरि देस तथा विदेशि बजार सम्म निर्यात गरि आर्थिक सुधार गर्न सकिने।

५ तेल जन्य बस्तुको प्रवर्धन गरि उद्योग स्थापना गरेर तेलमा आत्मनिर्भर गर्न सकिने।

**कार्यनितीः**

क) कृषि क्षेत्रमा लागेका सम्पुर्ण कृषकहरुको स्तर साना मझौला र ठुला निर्धारण गरी कृषक परिचयपत्र वितरण र आवधिक निति तथा कार्यविधि तयार गरी सामाजिक सुरक्षा कार्यक्रम लागु गरिने छ।

ख) गाउँपालिका क्षेत्रका सम्भावना बोकेका बस्तुहरुको आधुनिकिकरण तथा व्यवसायिकरण गर्दै सो बस्तुहरु (फलफूल तरकारी मकै गहुँ दलहन तेलहन आलु तथा मौरी पालन च्याउ खेती) लाई क्रमिक रुपमा आत्म निर्भर बनाईन्छ।

ग) कृषि उपज बजार तथा संकलन केन्द्र एवं सित भण्डार संचालनको लागि निजि क्षेत्र संग सहकार्य गरी अघि बढाईने छ।

घ) एक गाउँ एक उत्पादन तथा एक फर्म एक उत्पादन र एक घर एक करेसावारी जस्ता निति अवलम्बन गरिने छ।

ङ)कृषि उत्पादनको उचित मुल्य निर्धारण तथा बजार प्रवर्धनका लागि सम्यन्त्र निर्माण गरिने छ।

च) गाउँपालिकाका क्षेत्र भित्र सम्भाव्यता वोकेका बस्तु तथा क्षेत्रहरुको पहिचान गरि उपयुक्त कार्यक्रम लागु गर्ने।

छ) खेतीयोग्य जमिनलाई बाँझो राख्ने प्रविधिलाई निरुत्साहित गर्दै कृषिको दिगो एवं भरपर्दो स्थानीय परिवेश अनुसार योजना बनाई कार्यान्वयन एवं सहजिकरण गरिनेछ।

ज) गुणस्तरिय कृषि उत्पादन सामाग्री तथा यान्त्रिकरणका लागि कृषक मैत्रि औजार उन्नत प्रविधिको व्यवस्था गरिनेछ।

झ) कृषिमा आधारित उद्योगहरु स्थापना गर्न उत्प्रेरित गरिनेछ र रोजगारिमा वृद्धि साथैं कृषि पर्यटनको विकासमा युवा कृषकलाई आकर्षित गर्ने खालका कार्यक्रमहरु संचालनमा ल्याईनेछ।

ञ)बजारिकरणको लागि पायक पर्ने ठाउँहरुमा हाट बजार तथा संकलन केन्द्र स्थापना गरी प्रवर्धन गर्नेछ।

ट) स्थानिय श्रोत साधनहरुको अधिकतम उपयोग गरी वातावरण मैत्रि प्रविधिको अनुसरण गर्नेछ।

ठ) कृषि उत्पादनको स्वच्छता तथा गुणस्तर कायम राख्न सरोकारवाला निकाय संग समन्वय गरी हातेमालो कार्यक्रमहरु संचालन गरिनेछ।

ड) समग्र कृषि विकास तथा बारेकोट गाउँपालिका लाई समृद्धि गाउँपालिका बनाउनको लागि अल्पकालिन तथा दिर्घकालिन योजनाहरु तयार गरि कार्यक्रमहरु कार्यान्वयनमा ल्याईनेछ।

१ कृषि सर्वेक्षण कार्यक्रम संचालन तथा कृषि प्रोफाईल तयार गर्ने।

२ गाउँपालिकाको खाद्य वासलता पत्ता लगाई भावि योजना निर्माण गरिनेछ।

३ उच्च मुल्य बस्तुहरुको सम्भावना पत्ता लगाई युवा स्वरोजगार जस्ता कार्यक्रमहरुलाई प्रथामिकता दिने।

४ कृषि उत्पादन मुखि कृषि सेवा प्रधान गरिनेछ।

५ वाली बिमा कार्यक्रम संचालन गरिनेछ।

६ कृषकहरुरलाई अनुदान मार्फत कार्यकर्महरु संचालन गरिनेछ।

७ ब्यबसायिक कृषि फर्म संचालन गरि अगि बढेका कृषकहरुलाई प्रोत्साहन मुलक कार्यक्रम संचालन गरिनेछ।

८ गाउँपालिका क्षेत्रभित्र सम्भावना वोकेका कृषि उत्पादन र हरितगाउँ बनाउन पहल कदमि लिने।

९ संघिय प्रदेश राज्यले अङ्गिकार गर्दै आएको प्रचुर मात्रामा साभावना वोकेका वाली तथा कृषि बस्तुहरुलाई पकेट ब्लक जोन तथा सुपर जोन जस्ता उत्पादन केन्द्रको स्थापना गरी उत्पादन तथा बजारीकरणलाई सहज बनाउने कार्य गरिनेछ।

१० गाउँपालिका क्षेत्रिभित्र बसोवास गर्ने अति विपन्न कृषकहरुको पहिचान गरि कृषक परिचयपत्र वितरण गरिने छ।

११ एकटोल एक कृषक समुह एक घर एक सदस्य एक वडा एक कृषक समन्वय समिति गठन गरिनेछ।

१२ बजारिकरण तथा कृषि उपज बजारको अनुगमन नियमन तथा समन्वय गरिनेछ।

१३ उचित किसिमको सिंचाईको व्यवस्था गरिनेछ।